व्यास नगर कार्यपालिकाको २२८ औं बैठक आज मिति२०८२/९/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य - सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८२/८/२२ गते भएको २२७ औं कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: व्यास नगरपालिकाको आर्थिक व्यवस्थापन कार्यविधि ऐन, २०७४ लाई विस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३: मानुङकोट पुलिमराङ अल्ट्राम्याराथन आयोजना सम्बन्धमा ।

प्रस्ताव नं.४: आगामी नगर सभामा पेश गरिने विभिन्न प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं.५: व्यास नगरपालिका "वन ऐन" लाई संशोधन सम्बन्धमा ।

प्रस्ताव नं.६: आ.व.२०८२/०८३ को मार्ग मसान्तसम्मको आय-व्यय समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.७: व्यास ८ वडा कार्यालय परिशरमा वृहत स्वास्थ्य शिविर व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.८: व्यास नगरपालिका जेष्ठ नागरिक स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयन निर्देशिका २०८२ सम्बन्धमा ।

प्रस्ताव नं.९: आदिवासी जनजातीको महोत्सव आयोजना स्थल सम्बन्धमा ।

प्रस्ताव नं.१०: कार्यालय सञ्चालनका लागि गाडी खरिद सम्बन्धमा ।

प्रस्ताव नं.११: कृषि अन्तर्गत जग्गा पारित गर्दा राजिष्ट्रेशन छुट सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं.१२: विभिन्न वडाका योजना परिवर्तन सम्बन्धमा ।

प्रस्ताव नं.१३: नगरपालिका अन्तर्गतका पद दर्ता सम्बन्धमा ।

प्रस्ताव नं.१४: जेष्ठ नागरिक राष्ट्रिय दिवस मनाउने सम्बन्धमा ।

प्रस्ताव नं.१५: जिन्सी मालसामान लिलाम विक्री गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१६: जेन्जी आन्दोलनमा भएको क्षतिको विवरण सम्बन्धमा ।

प्रस्ताव नं.१७: नगर प्रहरी व्यारेक हटाउने सम्बन्धमा ।

प्रस्ताव नं.१८: शिक्षक व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.१९: आर्थिक विकास समितिको बैठकको सिफारिस सम्बन्धमा ।

प्रस्ताव नं.२०: नगर प्रहरीको तलव व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.२१: व्यास नगर प्रज्ञा प्रतिष्ठानको साधारण सभा सम्बन्धमा ।

प्रस्ताव नं.२२: अत्यावश्यक कार्य एवं विपदजन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।

प्रस्ताव नं.२३: शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णयहरुः**

निर्णय नं.१: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कार्यपालिकाको २२७ औं मिति २०८२/८/२२ को बैठकका निर्णयहरु र कार्यालयको सेवा प्रवाह सम्बन्धमा समीक्षा गरियो ।

निर्णय नं.२: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका आर्थिक व्यवस्थापन कार्यविधि ऐन, २०७४ लाई विस्थापन गरी आर्थिक व्यवस्थापन कार्यविधि ऐन, २०८२ आगामी नगर सभामा पेश गर्ने गरी विधायन समितिबाट प्रस्तावित मस्यौदामा संशोधन सहित पारित गरियो ।

निर्णय नं.३: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ को मानहुँकोटबाट व्यास न.पा. वडा नं.८ पुलिमराङ शहिद पार्कसम्म गरिने ४४ कि.मी. को ८औं अल्ट्राम्याराथन प्रतियोगिता व्यवस्थापन गर्न नगर खेलकुद समितिका अध्यक्ष श्री जीवन कुमार गुरुङको संयोजकत्वमा सम्बन्धित वडा नं. ५ र ८ का वडा अध्यक्ष सहित सबै समिति सदस्य रहने गरी समिति गठन गर्ने र अनुगमनका लागि व्यास नगर उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा वडा नं.२, ३, ४, ७ र १० का वडा अध्यक्षहरु रहने गरी समिति गठन गरी बजेट शीर्षक नं.११७, ११८ बाट बढीमा रू.८,००,०००/- (आठ लाख) विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.४: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आगामी ४४ औं नगर सभामा विभिन्न विषयगत प्रस्तावहरु तयार गरी आगामी बैठकमा पेश गर्न सम्बन्धित सबै समितिलाई र संयोजन गर्ने जिम्मा प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो । साथै पारित नगरस्तरीय ऐनहरु संशोधन प्रस्ताव तयार गर्न विधायन समितिलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं.५: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा संघ, प्रदेश र व्यास नगरपालिकाको वन ऐनका विविध प्रावधानका विषयमा डिभिजन वन कार्यालय तनहुँका प्रमुख श्री मनोज रानाभाटसँग अन्तर्क्रिया सम्पन्न गरियो । प्रदेश, संघसँग बाँझिएको नगर वन ऐनलाई नबाँझिने गरी संशोधन गर्न आगामी नगर सभामा विधायन समिति मार्फत पेश गर्न वन, वातावरण तथा विपद व्यवस्थापन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.६: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा आ.व.०८२/०८३ का लागि प्रस्तावित आय-व्यय बजेट रू.१,८१,७६,१९,०००/- मा २०८२ मार्ग मसान्तसम्म जम्मा संघीय आय ४४.२८%, प्रदेश आय ४३.४२%, राजश्व बाँडफाँड १५.८७% अन्तरिक श्रोतको ३०.२०% प्राप्त भई जम्मा ३६.३४% आय रही चालु तर्फ ३३.४७% र पूँजीगत तर्फ ७.५६% समेत जम्मा २१.७१% खर्च भएको बैठकमा जानकारी प्राप्त भई आन्तरिक आयमा रू.४,८९,४३,२७९/६९ र फोहोर व्यवस्थापन तर्फबाट बिगत ५ महिनामा रु.१०,५९,७०४/- आय प्राप्त भएको सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.७: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ को वडा कार्यालय परिशर रिस्तीफेदीमा २०८२/९/१२ गते शनिवार चितवन मेडिकल कलेज भरतपुर र हिमालय आँखा अस्पताल घारीपाटन पोखराको प्राविधिक सहयोगमा वृहत स्वास्थ्य शिविरको व्यवस्थापन गर्ने स्वास्थ्य तथा जनसंख्या शाखा र वडा नं.८ को समितिलाई जिम्मा तोक्ने निर्णय गरियो ।

निर्णय नं.८: प्रस्ताव नं. ८ का सम्बन्धमा छलफल हुँदा व्यास नगर विधायन समितिबाट सम्बन्धित शाखासँग परामर्श गरी प्रस्तावित व्यास नगर जेष्ठ नागरिक स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयन निर्देशिका २०८२ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.९: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा आदिवासी जनजाती महासंघ, जिल्ला समन्वय परिषद् तनहुँले आयोजना गर्ने महोत्सव व्यास ३ वि.पि. वनवाटिका खेलमैदानमा यस अघि निर्णय भएकोमा विविध कारणले उक्त स्थान परिवर्तन गरी व्यास ३ अनशन चौतारी खुलामैदानमा स्थानीय टोल संस्था अस्पतालसँग समन्वय गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१०: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका ४ वटा कार्यालय प्रयोजनका गाडीहरु २०८२ भाद्र २४ मा जलाइएको हुँदा नयाँ गाडी खरिदको लागि संघीय अर्थ मन्त्रालयसँग अनुमति माग भएकोमा बिमा वापतको प्राप्त हुने रकममा थप गरी गाडी खरिद गर्ने अनुमति प्राप्त भएकाले फोरव्हील भएको कार्यालय प्रयोजनको लागि एक पिकअप र एक अर्को गाडी खरिदका लागि नियमानुसार खरिद प्रकृया अघि बढाउने निर्णय गरियो । साथै गाडी खरिदका लागि बिमाबाट प्राप्त हुने रू.५८,३१,०००/- (अक्षेरुपी अन्ठाउन्न लाख एकतिस हजार) मा नपुग रकम बजेट शी.नं.८६८ र ८६९ बाट खर्च हुने गरी श्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं.११: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ अन्तर्गत सुशिल पौडेलको नाममा रहेको संहिता एग्रो प्रा.लि. ले कृषि व्यवसाय विस्तारका लागि साविक फराकचौर ५/ग कि.नं.५०० क्षेत्रफल १७-२-०-० मध्ये १० रोपनीको रजिष्ट्रेशन पारित गर्दा नियमानुसार लाग्ने दस्तुरमा छुट गरिदिनु हुन मालपोत कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित वडाहरुबाट आ.व.२०८२/०८३ मा विनियोजित योजनाहरुको निम्नानुसार परिवर्तन गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

| सि. नं. | हालको योजनाको नाम | परिवर्तन हुने योजनाको नाम | वडा नं. | विनियोगित रकम रू. | शिर्षक नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कालीमाटी पँधेरो निर्माण | कालीमाटी मार्ग स्तरोन्नती थप | ४ | १,००,०००/- | सि.नं. ५२१ लाई सि.नं. ५०४ मा मिलान गरी ६,००,०००/- बनाउने | |
| २. | पेशनाथ न्यौपानेको घरदेखि चोकसम्मको बाटो ढलान | व्यास ४ को वडा कार्यालय भवनको स्तरोन्नती | ४ | ५,००,०००/- | शिर्षक नं. ५०५ | |
| ३. | बागेश्वरी मन्दिर संरक्षण | कुखुरेदेखि शितल मार्ग जोड्ने मार्ग निर्माण | ११ | १,००,०००/- | शिर्षक नं. ७४७ र ख शि.नं.३११५९ | |
| ४. | वडाबाट अवलोकन भ्रमण | चिन्तुटार फलफूल खेत सहयोग | ५ | २,००,०००/- | २१६ | |
| ५. | काठेखोल्सी तरकारी पानीलाई ट्याङ्की निर्माण | पतेनीटार टोल विकास संस्था मोटरेवल स्ल्याव निर्माण | ५ | ३,००,०००/- | ५३६ | |
| ६. | अध्ययन अवलोकन भ्रमण | वडा पहुँच मार्ग कालोपत्रे | १० | ५,००,०००/- | २६१ (बजेट | |
| ७. | हुप्से तटबन्धन साझेदारी कार्यक्रम | झापुटार मालिङा मिलन मोटर मार्ग स्तरोन्नति | रिसिङ १ | १०,००,०००/- | ९७६ | |
| ८. | डाङ्ग्रेखोल्सी कम्पाउण्ड लगायत अन्य व्यवस्थापन तथा व्यायामशाला निर्माण | डाङ्ग्रेखोल्सी कम्पाउण्ड लगायत अन्य व्यवस्थापन | २ | ८,००,०००/- | ४६३ | |
| ९. | डाङ्ग्रेखोल्सी कम्पाउण्ड लगायत अन्य व्यवस्थापन तथा व्यायामशाला निर्माण | डाङ्ग्रेखोल्सी व्यायामशाला निर्माण | ७ | ७,००,०००/- | ४६४ | |
| १०. | न्यूरोड अन्तर्गत रेलिङ निर्माण | नेवाःखल व्यास गुठी समूह एक कोठे भवन निर्माण | २ | ५,००,०००/- | ९८१ | |

निर्णय नं.१३: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत संगठन संरचना संशोधन प्रस्ताव तयार गरी पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोकिएकोमा संशोधित संगठन संरचना अनुमोदन गरी गण्डकी प्रदेश सरकारमा पद दर्ता गर्ने निर्णय गरियो । संगठन संरचना अनुसूची-१ मा उल्लेख गरे अनुसार गरिनेछ ।

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा २०८२/९/११ गते जेष्ठ नागरिक राष्ट्रिय दिवस व्यास नगरपालिका भित्रका जेष्ठ नागरिक सम्बद्ध समितिहरुलाई समेटी स्वास्थ्य परिक्षण समेत गरी आयोजना गर्न रातो

किताबको क्र.सं.१०४ शीर्षक नं.२२५२९ बाट खर्च हुने गरी रू.१,००,०००/- (एक लाख) विनियोजन गर्ने र सो कार्यको संयोजन गर्न महिला तथा बालबालिका शाखालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं.१५: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा साविक गा.वि.स. समयदेखिका पुराना जिर्ण भई काम नलाग्ने र प्रयोग बिहिन भई आ.व.२०८१/०८२ को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम गर्नुपर्ने भनी औल्याइएका जिन्सी मालसामान लिलाम बिक्री गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: प्रस्ताव नं. १६ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/५/२३ र २४ गतेको जेन्जी आन्दोलनको क्रममा यस नगरपालिकाका सवारी साधन, कार्यालयका फर्निचर, इलेक्ट्रोनिक्स सामान र जिल्ला प्रशासन कार्यालयमा रहेको सामी कार्यक्रम अन्तर्गत आप्रवासी स्रोत केन्द्र र यस न.पा.को वडा नं.१३ को वडा कार्यालयमा रहेका सामान समेतमा क्षति भएका मालसामानको क्षतिको विवरण तयार गरी मिनाहाको लागि सिफारिस गर्न प्राविधिक प्रतिनिधि तोकिएकोमा प्राप्त प्रतिवेदन अनुसारका सवारी साधन र मालसामानको मिनाहा गर्नुपर्ने भएको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १११ अनुसारको समितिमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरीहरुलाई व्यारेकमा राखी राशन भत्ता उपलब्ध गराई २४ घण्टा ड्यूटीमा खटाइदै आएकोमा २०८२ पौष १६ गतेदेखि लागू हुने गरी व्यारेक तथा राशन भत्ता हटाई बिहान ६:०० बजेदेखि साँझ ६:०० बजेसम्म मात्र ड्यूटी खटाउने निर्णय गरियो ।

निर्णय नं.१८: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास ९ स्थित बसाहास्थान मा.वि. हाल समायोजन भइसकेको उक्त विद्यालयमा हालसम्म रहेका प्रा.वि. शिक्षक श्री बोधराम गुरुङ २०८२/१०/८ गतेदेखि निबृत्त हुने हुँदा उक्त रिक्त दरबन्दी व्यास १० स्थित चण्डीदेवी रा.मा.वि. मा कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.१९: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा आर्थिक विकास समितिले ५० प्रतिशत अनुदान अन्तर्गत आलु तथा तरकारी खेती र फलफुल खेती अनुदान सिफारिस भई आएको विवरण बैठकमा पेश हुँदा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२०: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगर अन्तर्गतका नगर प्रहरीहरुको स्केल अनुसारको तलब मागको विषयमा के-कती आर्थिक भार पर्ने हो र श्रोत समेतको राय आगामी बैठकमा पेश गर्नुहुन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं.२१: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्रज्ञा प्रतिष्ठानको साधारण सभाको खर्च रू.४४,९००/- (चौवालिस हजार नौ सय) अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२२: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा विपदजन्य कार्य लगायतमा नपुग स्रोत आगामी नगर सभाबाट अनुमोदन हुने गरी निम्न लिखित अत्यावश्यक कार्य, विपद्जन्य कार्य र उपचार सहयोगमा निम्नानुसार रकम निम्नानुसार शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | डाँडागाउँ दलित बस्ती बाजा खरिद | १ | १,००,०००/- | ७२ |
| २. | सियाले खेत सिँचाई कुलो निर्माण | १ | २,००,०००/- | ८७८ |
| ३. | गट्टु मिया, उपचार सहयोग | २ | २५,०००/- | ६१ |
| ४. | जिल्ला प्रशासन कार्यालय आगजनीबाट सेवा अवरुद्ध आवश्यक सामाग्री खरिद | ३ | ५,००,०००/- | विपद पूँजीगत |
| ५. | ऋषि थापा, उपचार सहयोग | ३ | २५,०००/- | ६१ |

| | | | | |
|---|---|---|---|---|
| ६. | ल्होसार पर्व सहयोग | ४ | ८०,०००/- | ११६ |
| ७. | मनिषा वि.क. समेतलाई समता विद्यालय व्यवस्थापन | ४ | २८,८६०/- | २०५ |
| ८. | जेष्ठ नागरिक मिलन केन्द्र सहयोग | ४ | ३०,०००/- | २०५ |
| ९. | उदय मा.वि. स्तम्भ निर्माण समेत | ५ | ३,५०,०००/- | ८७७ |
| १०. | बाराहीचोकदेखि भिमसेनचोकसम्म अधुरो नाला निर्माण | ५ | १,००,०००/- | ९७८ |
| ११. | पराशर मा.वि. फर्निचर व्यवस्थापन समेत | ५ | १,५०,०००/- | ८७७ |
| १२. | दुभुङ चण्डीदेवी गुठी परिशरको पुरानो कुवा मर्मत | ५ | २,००,०००/- | ८७६ |
| १३. | काफ्लेफाँट खानेपानी टंकी निर्माण | ६ | २,३०,०००/- | ८७६ |
| १४. | बाघचौर खेतको लागि बाँध निर्माण | ६ | ८०,०००/- | ८७८ |
| १५. | शिशाघाट प्रहरी चौकी कम्पाउण्ड निर्माण | ६ | १,००,०००/- | ९७८ |
| १६. | शिशाघाट खेल मैदान स्तरोन्नति | ६ | २,३०,०००/- | ८७९ |
| १७. | योङ्गस्टार क्लव फुटवल प्रतियोगिता सहयोग | ७ | ३०,०००/- | ११७ |
| १८. | सत्रसय टोल सडक बत्ती व्यवस्थापन | ७ | १,१०,०००/- | ८८१ |
| १९. | हासेश्वाँरा खानेपानी मोटर खरिद हिलट्याङ्की | ७ | ५०,०००/- | ८७६ |
| २०. | स्वावलम्बी कृषि सहकारी उखु पेल्ने मेशिन खरिद | ७ | ४०,०००/- | १४२ |
| २१. | नयाँज्योति प्रा.वि. कम्प्युटर मर्मत | ८ | १५,०००/- | ८७७ |
| २२. | शोभा लम्साल, अपाङ्गता उपचार सहयोग | ८ | २५,०००/- | ६१ |
| २३. | क्यामिनकोट कालिका पुजा व्यवस्थापन | ८ | ३०,०००/- | ७२ |
| २४. | जनता आधारभूत विद्यालय कम्पाउण्ड निर्माण | १० | २,५०,०००/- | ८७७ |
| २५. | नारेश्वर ताल जलासय सडक बत्ती व्यवस्थापन | १० | १,५०,०००/- | ८८१ |
| २६. | होम बहादुर बोटे, उपचार सहयोग | १० | २५,०००/- | ६१ |
| २७. | व्यास नगर अस्पताल सञ्चालन पूर्वाधार निर्माण | १० | ३,००,०००/- | ९७८ |
| २८. | निर्बुटोल सडक बत्ती व्यस्थापन | ११ | २,००,०००/- | ८८१ |
| २९. | रिता पौडेल, कृषि सिँचाई पाइप खरिद | ११ | १०,०००/- | ८७८ |
| ३०. | पड्केपानी खानेपानी मुहान संरक्षण एवं शौचालय व्यवस्थापन | ११ | ३,००,०००/- | ८७६ |
| ३१. | तनहुँसुर कोशेली घर निर्माण | ११ | ५,००,०००/- | १५७ |
| ३२. | बेलाउते खेत सिँचाई कुलो निर्माण | ११ | १,७५,०००/- | ८७८ |
| ३३. | फराकचौर टोल विकास संस्था खेलकुद सामग्री खरिद | ११ | ३०,०००/- | २६८ |
| ३४. | रामदास गाई फर्म मोटर मार्ग मर्मत | ११ | ५०,०००/- | २६७ |
| ३५. | भोर्लेनी पँधरा मार्ग मर्मत | ११ | ३०,०००/- | २६७ |
| ३६. | निशानचोक देउराली मार्ग मर्मत | ११ | २०,०००/- | २६७ |
| ३७. | सिमलचौर चण्डीथान संरक्षण | ११ | ३०,०००/- | २६७ |
| ३८. | प्रेम बहादुर थापा, आगलागी राहत | ११ | २०,०००/- | विपद चालु |
| ३९. | गैह्राबारी टोल विकास समिति अधुरो भवन निर्माण | ११ | २,००,०००/- | ८७५ |
| ४०. | एलिना राना थापा उपचार सहयोग | १३ | २५,०००/- | ६१ |
| ४१. | बालकल्याण प्रा.वि. स्मार्ट बोर्ड खरिद | १३ | १३,०००/- | ८७७ |
| ४२. | साथी बचत तथा ऋण सहकारी भवन संरक्षण | १४ | १,५०,०००/- | ९७८ |

| | | | | |
|---|---|---|---|---|
| ४३. | दोस्रो मेयरकप वडास्तरीय पुरुष भलिवल प्रतियोगिता २०८२ को भुक्तानी | | २,५३,६७५/- | ११७ |
| ४४. | तेस्रो मेयरकप जिल्लास्तरीय कराँते प्रतियोगिता २०८२ को भुक्तानी | | २,००,०००/- | ११७ |
| ४५. | Under 14 फुटवल एन्फा तनहुँलाई भुक्तानी | | ३०,०००/- | ११७ |
| ४६. | गण्डकी वाङमय प्रतिष्ठान कार्यक्रम सहयोग | | ५०,०००/- | ११६ |
| ४७. | जनसेविका प्रा.वि. टि.भी. खरिद | | २५,०००/- | ८७७ |
| ४८. | जनजुक्त मा.वि.स्मार्ट बोर्ड | | १,५०,०००/- | ८७७ |
| ४९. | शिव मा.वि. सि.पि.यू. खरिद (६ वटा) | | १,२०,०००/- | ८७७ |
| ५०. | विष्णु बहादुर परियार, वधशालामा काम गरेको | | ५०,०००/- | ७२ |
| ५१. | रेडियो देवघाट सहयोग | देवघाट | २५,०००/- | ३६ |

निर्णय नं.२३: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका लेखा समिति संयोजक श्री गौकुमारी न्यौपानेका पति सामाजिक व्यक्तित्व श्री रामचन्द्र न्यौपानेको मिति २०८२/९/६ गते दुःखद निधन भएकाले स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

***